जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २४, २०८१ माघ १० गते विहीबार, 23 Jan. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

दुई विद्यालय मर्ज गर्न कार्यदल गठन

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाका ३ वटा सामुदायिक विद्यालय एकीकरण (मर्ज) गरिने भएको छ ।

मकवानपुर कै पुराना ३ सामुदायिक विद्यालय एकीकरण प्रक्रियामा लैजान कार्यदल समेत गठन गरिएको छ । हेटौंडा ४ मा रहेको भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई एकीकरण सम्बन्धी प्रक्रियाको लागि उपमहानगरको कार्यपालिका बैठकले ४ नम्बर वडाका वडा अध्यक्ष नवीन सिग्देलको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरेको छ ।

भुटनदेवी मावि व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष सिग्देल संयोजक रहेको कार्यदलको सहसंयोजकमा आधुनिक राष्ट्रिय माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहमद समिम छन् । सदस्य सचिवमा हेटौंडा उपमहानगरपालिका शिक्षा शाखाका हरिष्चन्द्र सापकोटा तथा सदस्यहरूमा भुटनदेवी माविका प्रधानाध्यापक माधव दाहाल, आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईं, कार्यपालिका सदस्य जुना दाहाल र इश्वरी रसाइली रहेका छन् ।

कार्यदलको स्थायी आमन्त्रीत सदस्यमा उपमहानगरको सामाजिक विकास महाशाखा प्रमुख भीम प्रसाद तिमल्सिना, विज्ञ सल्लाहकार कृष्ण प्रसाद धिताल र कानूनी शाखाका लक्ष्मण मैनाली रहेका छन् ।

कार्यदलले माघ मसान्त सम्ममा दुबै विद्यालयको भौतिक विवरण, शिक्षक, विद्यार्थी, कर्मचारी लगायत अबस्थाको अध्ययन गरि तयार गरेको प्रारम्भिक प्रतिवेदन बुझाउने कार्यदलका संयोजक सिग्देलले बताए । आगामी बैशाखबाट मेगा विद्यालय सञ्चालन गर्ने गरि कार्य अघि बढेको सिग्देलले जानकारी दिए ।

लामो समयदेखि शैक्षिक क्षेत्रमा उल्लेख्य योगदान पुर्याउँदै आएको दुवै विद्यालयलाई मर्ज गरी मेगा विद्यालयका रुपमा अगाडि बढाउन मर्ज गर्न लागिएको हो ।

हेटौंडालाई शैक्षिक हबका रुपमा विकास गर्ने उद्देश्यले दुवै विद्यालय व्यवस्थापन समितिको निर्णय, वडा कार्यालयको सिफारि ससहित वडाध्यक्ष, दुवै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसहितको टोलीले केही समय अघि हेटौंडा उपमहानगर पालिकाकी नगर प्रमुख मीनाकुमारी लामालाई आवश्यक प्रक्रिया अगाडि बढाउन आग्रह गरेका थिए ।

'हेटौंडा पछिल्लो समय शैक्षिक हबको रूपमा विकास भइरहेको छ । भौतिक पूर्वाधारको निर्माण गरी १० हजार विद्यार्थीलाई सुविधा सम्पन्न रुपमा अध्ययन गराउने उद्देश्यले मर्जर प्रक्रिया अगाडि बढाइएको हो' कार्यदल संयोजक सिग्देलले भने । उनका अनुसार दुवै विद्यालय मर्ज पश्चात भुटनदेवी माविको साधन र स्रोत पूर्ण रुपमा सदुपयोग हुने र आधुनिक माविलाई आवश्यक स्रोतको समेत सहजै पूर्ति हुनेछ ।

'कार्यदलले अध्ययन प्रतिवेदन बुझाएपछि संघ र प्रदेश सरकार ले समेत आवश्यक लगानी विद्यालयमा गर्नुपर्छ' उनले भने । दुवै विद्यालय मर्जपश्चात खेलकुद मैदान, विज्ञान ल्याब, पुस्तकालय तथा अन्य भौतिक पूर्वाधार निर्माण हुने विश्वास वडा अध्यक्ष सिग्देलको छ ।

आधुनिकमा करिब ३८ सय र भुटनदेवीमा ३३ सय बालबालिका अध्ययनरत छन् । भुटनदेवीमा प्राविधिक धारका विषयमा पनि अध्यापन गराइन्छ । दुबै विद्यालय एकीकृत गर्दा अहिले नै ५ हजार विद्यार्थी हुनेछन् ।

नेपालको सबैभन्दा ठूलो मानिएको बुढवलको कालिका माविमा करिब ८ हजार विद्यार्थी रहेका बताइन्छ । केही समय अघि वडाध्यक्ष सिग्देल दुबै विद्यालयका प्रअ, शिक्षा विकास महशाखाका कर्मचारी, शिक्षक सहितको टोलीले उक्त विद्यालयको अवलोकन समेत गरेको थियो । अवलोकनपछि विद्यालय एकीकरणको लागि आवश्यक तयारी र आवश्यक सुझावहरू प्राप्त भएको प्रध्यानाध्यपक गुरागाईंले बताए ।

महिनावारी विभेद अन्त्यको कानून माग्दै

मर्यादित महिनावारीको सवाल मानव अधिकारसँग प्रत्यक्ष्य जोडिएको सवाल भएकोले यसको गाम्भिर्यता बढी भएको उल्लेख गर्दै सांसद गरिमा शाहाले भनिन् "यसलाई कुनै न कुनै प्रस्तावको रूपमा अघि बढाएर कार्यान्वयको लागि पहल गर्छौं ।"



संसदीय समितिमा उजुरी

◯ सरिता दाहाल

मकवानपुर । महिनावारी विभेद अन्त्यका लागि प्रभावकारी कानुन निर्माण र कार्यान्वयनको माग गर्दै अभियन्ता डा. राधा पौडेलले प्रतिनिधिसभाको विभिन्न समितिमा उजुरी दर्ता गरेकी छिन् ।

मर्यादित महिनावारी अभियाको अभियन्ता तथा मर्यादित महिनावारी अभियान नेपालको संस्थापक सीईओ डा पौडेलले संस्थाको तर्फबाट प्रतिनिधि सभाको ५ वटा समितिमा उजुरी दर्ता गराइएको बताइन् ।

प्रतिनिधि सभाको विद्यायन व्यवस्थापन समिति, महिला तथा सामाजिक मामिला समिति, कानून, न्याय तथा मानव अधिकार समिति, सार्वजनिक नीति तथा प्रत्यायोजित विद्यायन समिति र विकास, आर्थिक मामिला तथा सुशासन समितिमा उजुरी दर्ता गरिएको हो ।

समाजमा व्याप्त रूपमा रहेको महिनावारी विभेद सम्बन्धी गम्भीर समस्यामा समितिको ध्यानाकर्षण गराउन उजुरी दिइएको पौडेलले बताइन् । नेपालमा पाठेघर लिएर जन्मिएका ५१ प्रतिशत मन्दा बढी व्यक्ति महिनावारी हुन्छन् ।

ती मध्ये ९८ प्रतिशतले विभेद भोगिरहेका उनको ठहर छ । महिनावारी विभेद जैविक प्रक्रिया मात्र सीमित नभई लैंगिक हिंसा मानव अधिकारको मर्मलाई गम्भीर असर पुर्याउने भएकोले यसलाई सहज बनाउनको लागि माग गरिएको हो ।

महिनावारी विभेदले नेपालको संविधान २०७२ का अनुसार सम्मानपूर्वक बाँच्न पाउने अधिकार (धारा १६), व्यक्तिगत स्वतन्त्रताको अधिकार (धारा १७), समानताको अधिकार (धारा १८), अस्पृश्यता र भेदभावविरुद्धको अधिकार (धारा २४), सूचनाको अधिकार (धारा ३७), शोषणविरुद्धको अधिकार (धारा ३९) को सिधा उल्लंघन भएको उजुरी पत्रका भनिएको छ ।

यसैगरी संविधानले दिएको स्वच्छ वातावरणको अधिकार (धारा ३०), शिक्षाको अधिकार (धारा ३१), स्वास्थ्यको अधिकार (धारा ३५), खानाको अधिकार (धारा ३६), आवासको अधिकार (धारा ३७), महिलाको अधिकार (धारा ३८) र बालबालिकाको अधिकार (धारा ३९) लाई प्रत्यक्ष रुपमा दर्जनौ पटक उल्लंघन गरेको ठहर गरिएको छ ।

महिनावारी विभेदको कारणले व्यक्ति, समुदाय, र मानव अधिकारको मर्मलाई चुनौती दिएको उल्लेख गर्दै डा पौडेलले कानुनी रूपमा व्यवस्था नहुञ्जेल अन्य लगाइ प्रभावकारी नभएको गुनासो गरिन् ।

"नेपालका सबै क्षेत्र, जात, धर्म र समुदायमा महिनावारी विभेदको समस्या रहेको छ" पौडेलले भनिन् "तर, यसलाई सुदूरपश्चिम र कर्णाली क्षेत्रमा मात्रै सीमित गरेर कार्यविधि, निर्देशिका र कानुन निर्माण गर्दिंदै आएको छ ।"

महिनावारी विभेदलाई बृहत रुपमा बुझ्न र यसको अन्त्यका लागि समग्र देशमा लागू हुने छुट्टै प्रभावकारी कानुनको आवश्यकता रहेको उनले बताइन् ।

यसबारेमा राष्ट्रिय मानव अधिकार आयोगले समेत सरकार लाई निर्देशन दिइसकेको छ । यस्ता विभेदको कारण शान्ति प्रक्रिया र मौलिक हकको कार्यान्वयनको अवस्थामा ठूलो असर गरेको छ । महिनावारी विभेदले पाठेघर लिएर जन्मिएका सबै व्यक्तिको शारीरिक, मानसिक र सामाजिक विकासमा ठूलो असर गरेकोले प्रभावकारी कानूनको आवश्यकता महसुस गरिएको हो । महिनावारी विभेद अन्त्यका लागि सरकारले मर्यादित महिनावारी नीतिको मस्यौदा बनाएको भए पनि यो हालसम्म मन्त्रालयमा नै अलपत्र छ ।

उजुरी दर्ताको क्रममा समितिसँग ३ महत्वपूर्ण माग राखिएको पौडेलले बताएन् । महिनावारी विभेद अन्त्यका लागि समग्र देशलाई सम्बोधन गर्ने छुट्टै कानुन निर्माणको प्रक्रिया अघि बढाइनु पर्ने, महिनावारी विभेदलाई सम्बोधन हुने गरि दर्जनौ कानुनमा संशोधन आवश्यक भएकोले त्यसको छलफल अघि बढाइनु पर्ने र महिनावारी विभेद अन्त्यका लागि देशव्यापी सचेतना कार्यक्रम र शिक्षा प्रणालीमा मर्यादित महिनावारी सम्बन्धी पाठ्यक्रम समावेश गरिनु पर्ने माग गरिएको छ ।

यो विषयले नेपालको आधाभन्दा बढी जनसंख्याको मौलिक अधिकार, स्वास्थ्य, र सम्मानजनक जीवनयापनमा असर गरिरहेको उल्लेख गर्दै विषयलाई गम्भीरतापूर्वक लिएर आवश्यक कदम चाल्ने विश्वास आफूले लिएको पौडेलले बताइन् ।

संसदको अधिवेश आह्वान भइसकेकोले सकेसम्म पहिलो साता वा नभए दोस्रो सातामै यो विषयलाई राष्ट्रिय सभामा पेश हुने गरी आफूहरूले तयारी सुरू गरेको प्रतिनिधि सभाको विद्यायन व्यवस्थापन समिति सभापति तुलसा दाहालले बताइन् ।

मर्यादित महिनावारीको सवाल मानव अधिकारसँग प्रत्यक्ष्य जोडिएको सवाल भएकोले यसको गाम्भिर्यता बढी भएको उल्लेख गर्दै सांसद गरिमा शाहाले भनिन् "यसलाई कुनै न कुनै प्रस्तावको रूपमा अघि बढाएर कार्यान्वयको लागि पहल गर्छौं ।"

यो कुनै जात वर्ग वा समुदायको मात्रै सवाल नभई समग्रताको सवाल भएकोले आफूहरूले संवेदनशील भएर विषय उठान गर्ने शाहले बताइन् ।

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

उद्योगमैत्री वातावरण

उद्योगधन्दा अर्थतन्त्रको मुल आधार हो । स्वरोजगारको लागि होस् वा देशको आर्थिक अवस्था सुधारको लागि उद्योगको स्थापना तथा टीकाउ अनिवार्य छ । नेपालमा झन्डै ३ दशक अघिसम्म कुल गार्हस्थ्य उत्पादनमा उद्योगको हिस्सा १२ प्रतिशत थियो, हाल ५ प्रतिशतमा झरेको छ। सरकारी उद्योगहरू लगातार बन्दको अवस्थामा छ । आर्थिक विकासको अवधारणालाई मूलमन्त्र मान्दै सुरक्षित एवं अनुशासित रहँदै व्यवहारमा उतार्ने प्रतिबद्धताको खाँचामा स्वदेशी उद्योगहरुले यहाँको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्न सकेका छैनन् ।

मकवानपुरको हेटौंडमा स्थापित हेटौंडा सिमेन्ट उद्योग बन्द हुने अवस्थामा छ, भने कपडा उद्योग दशकौंदेखि बन्द नै छ । सरकारी स्वामित्वका यि उद्योगहरू बन्द हुँदा निजी क्षेत्रको मनोमानीले उपभोक्ताहरू एकातिर मारमा छन् भने पुँजी निर्माण एवं लगानी प्रवर्द्धनमा सरकारले पनि विशेष जोड दिन सकेको छैन । सहुलियतपूर्ण कर्जा विकासको अवधारणामा विशेष जोड दिँदै लगानीमैत्री वातावरणले उद्योगमैत्री वातावरण सिर्जना हुन सक्ने थियो ।

अहिले देश संघीयताको अभ्यासमा छ। धेरैजसो स्थानीय तहहरु उद्योगमैत्री छैनन् । यिनीहरुले जथाभावी कर उठाई स्थानीय जनतालाई शोषण गरिरहेका छन् । स्थानीय जनता पनि उद्योगमैत्री छैनन् । उनीहरु केही बहानामा औद्योगिक क्षेत्र प्रवेश गर्ने र निजि स्वार्थ पूरा नभएसम्म उद्योगहरु बन्द गर्न अभ्यास देखिन्छ। यसरी उद्योगहरुको सञ्चालनमा नकारात्मक प्रभाव परेको छ । यसरी उद्योगीहरु पनि निरूत्साही छन् । अबको क्रान्ति भनेको औद्योगिक क्रान्ति हो । जसबाट शिक्षा, स्वास्थ्य, विकासका पूर्वाधार र जनजीविकाको आवश्यकता परिपूर्ति देशभित्रै परिपूर्ति गर्न सकियोस् । साथै, यहाँका युवालाई रोजगारीका लागि विदेश जान नपरोस् । उदार औद्योगिक नीतिको आवश्यकता छ भने अर्कोतिर थप वैदेशिक लगानीको उत्तिकै जरूरी छ । यति मात्र नभई यहाँ मुख्य सम्पत्तिका रुपमा विद्यमान कृषि, वन र जडीबुटीको सही परिचालन गरी औद्योगिक विकासमा सघाउ पुर्‍याउन धेरै जरूरी छ ।

क्यालिफोर्नियाको डढेलोबाट के बुझ्ने, के सिक्ने ?



इर्शाद अली शेख

सीमित स्रोतसाधन, प्रारम्भिक चेतावनी प्रणालीको अभाव र सामुदायिक जागरूकताको कमीले समस्या थप गम्भीर बनेको छ ।

लिफोर्नियाको पालिसेड्स र इटन क्षेत्रमा जनवरी ७ देखि लागेको डढेलो अहिले पनि नियन्त्रणबाहिर छ । यो आगलागी संयुक्त राज्य अमेरिकाको इतिहासमै सबैभन्दा विनाशकारी घटनामध्ये एक बनेको छ । हालसम्म डढेलोका कारण कम्तीमा २७ जनाको ज्यान गइसकेको छ भने लाखौं मानिस वायु प्रदूषणको जोखिममा परेका छन् र क्षतिको प्रारम्भिक अनुमान अर्बौं डलरमा रहेको छ ।

हालसम्म दुई लाखभन्दा बढी मानिस विस्थापित भएका छन् भने झन्डै १५ हजार संरचना ध्वस्त भएका छन् ।

क्यालिफोर्निया राज्य लगभग हरेक वर्ष डढेलोको चपेटमा आइरहेको हुन्छ । यद्यपि यस वर्ष खडेरीसँगै एक सय माइल प्रतिघण्टाको गतिमा आएको सान्ता आना नामक आँधीले गर्दा डढेलो नियन्त्रणबाहिर गयो र भयावह रुप लिन पुग्यो । २०१८ को क्याम्प फायर डढेलो इतिहासमै सबैभन्दा विनाशकारी मानिन्छ, संरचना विनाशका आधारमा यस आगलागीले १८,००० भन्दा बढी संरचना ध्वस्त बनायो, जसमा अधिकांश आवासीय घर थिए । साथै, यस डढेलोले ८५ जनाको ज्यान लियो, त्यसैले यसलाई राज्यको इतिहासमा सबैभन्दा प्राणघातक डढेलो मानिन्छ ।

क्षेत्रफलका आधारमा सन् २०२० को अगस्टमा भएको कम्प्लेक्स डढेलो क्यालिफोर्नियाको इतिहासमै सबैभन्दा ठूलो डढेलो हो । १० लाख एकडभन्दा बढी क्षेत्रमा फैलिएको यस आगलागीलाई गिगाफायरका रुपमा चिनिन्छ जसले ९३५ संरचना नष्ट गर्‍यो । रिपोर्टका मुताबिक यस्ता ठूला डढेलो क्यालिफोर्नियामा क्रमशः सामान्य बन्दै गइरहेका छन् । क्यालिफोर्नियाका डढेलोहरु १९८० को दशकदेखि आठ गुणाले ठूला भएका छन् र वार्षिक रुपमा जल्ने क्षेत्रफल झन्डै ५०० प्रतिशतले वृद्धि भएको छ ।

प्रकोपको पूर्वतयारी र व्यवस्थापनमा तुलनात्मक रुपमा मजबुत देखिने अमेरिका जस्तो शक्तिशाली तथा प्रविधियुक्त राष्ट्रको डढेलोसँग लड्ने संयन्त्र भने प्रभावकारी देखिएन । जबकि क्यालिफोर्निया डढेलोको हिसाबले जोखिमयुक्त स्थान हो । क्यालिफोर्नियाका केही स्थान त वर्षैभरि 'आगलागीको मौसम' भनेर सजग रहनु आवश्यक मानिन्छ ।

यद्यपि यति विनाशक डढेलोको कारणबारेमा के होला भन्ने विषयमा मतैक्य भेटिँदैन । धेरैजसो विज्ञको विश्लेषणमा जलवायु परिवर्तन र अवैज्ञानिक भूउपयोग प्रणाली र स्रोतको कमजोर व्यवस्थापन नै क्यालिफोर्नियाको यो डढेलोको मूल कारण हो भन्ने छ । जसै सुक्खा लाग्छ, वनस्पतिहरु सुक्दै जान्छन् र ती आगोका लागि प्रज्ज्वलनशील ऊर्जा बन्छन्, जबजब खडेरी लम्बिँदै जान्छ, तबतब आगोको जोखिम बढ्दै जान्छ ।

क्यालिफोर्नियाको आगोको तरंग भने विश्वभर भन् गतिवान् भएर फैलिएको छ । यसले भविष्यमा जहाँ पनि आइलाग्न सक्ने डढेलोको प्रकोपबाट कसरी जोगिने भन्ने बहसको ढोका खोलेको छ र नेपालजस्तो बहुप्रकोपीय जोखिम भएको देशमा जाडो सकिएसँगै सुरू हुने सुक्खा मौसममा हुने आगलागी तथा वन डढेलोका लागि के कस्ता तयारी गरिएका छन् ? विगतका घटनाक्रमबाट के सिकियो र आगामी दिनमा कसरी अघि बढ्ने भन्ने जस्ता विषयहरुमा घोटिनु आवश्यक देखिन्छ ।

क्यालिफोर्नियाको डढेलोले जलवायु परिवर्तनले निम्त्याएको जोखिम र चुनौतीलाई स्पष्ट रुपमा उजागर गरेको छ । नेपालजस्ता जलवायु परिवर्तनको उच्च जोखिममा रहेका देशमा घटनाको संख्या र क्षतिको हिसाबले आगलागीलाई प्रमुख विपद् मानिन्छ, यसप्रति विशेष संवेदनशीलता आवश्यक छ । वन क्षेत्रको व्यवस्थापनमा लापरबाही, सहरी अतिक्रमणजस्ता मानवीय क्रियाकलापहरुले संकटलाई झन् जटिल बनाएको छ ।

क्यालिफोर्नियाको उन्नत प्रविधि र प्रारम्भिक चेतावनी प्रणालीको बाबजुत पनि त्यहाँको विनाशले जलवायुप्रेरित विपद्को सामना गर्न सक्षम राष्ट्रहरुको सीमितता उजागर गरेको छ । नेपालजस्तो भौगोलिक जोखिमयुक्त, सीमित स्रोत साधन र प्रविधि तथा कमजोर व्यवस्थापन भएको देशमा यदि समुदायस्तर बाट संवेदनशीलता र सतर्कता देखाइएन भने आगलागीले आर्थिक, जैविक र मानवीय क्षतिमा गम्भीर रुप लिन सक्छ भन्नेमा कुनै दुई मत रहँदैन । अतः दीर्घकालीन रणनीति र सामुदायिक तयारीलाई प्राथमिकतामा राख्दै अगाडि बढ्नुपर्ने देखिन्छ ।

नेपालमा आगलागी बर्सेनि दोहोरिने विनाशकारी विपद् बनेको छ । गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार पछिल्लो एक दशकमा आगलागीका घटनाको वार्षिक दर झन्डै चार गुणाले बढेको छ । २०७०/०७१ मा देशभर ९६८ आगलागीका घटना दर्ता भएका थिए भने पछिल्लो एक वर्षमा ३,८१४ घटना भएको तथ्यांकले देखाउँछ ।

नेपालमा खासगरी चैत वैशाखको सुक्खायाममा हुने आगलागी र वन डढेलोको घटनाले पछिल्लो दशकभरि देशभर २०,५१८ आगलागीका घटना भएका छन्, यस अवधिमा आगलागीका कारण ७९५ जनाले ज्यान गुमाएका छन्, ३,७४२ जना घाइते भएका छन् । आगलागीबाट कुल अनुमानित ३२ अर्ब १६ करोड ८७ लाख रूपैयाँ बराबरको क्षति भएको विभिन्न रिपोर्टले देखाउँछ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार गतवर्ष लामो समयदेखिको खडेरी, तापक्रम वृद्धिका कारण देशैभर आगलागी फैलिएको थियो । फलस्वरुप तराई क्षेत्रमा तातो हावाको लहर चलेको, वायुमण्डल प्रदूषित भएकाले श्वासप्रश्वासका रोग बढेका थिए । आगलागी नियन्त्रणका लागि वर्षा नै कुर्नुपर्ने निरीहताको विकल्प हामीमा थिएन ।

नेपालमा बढ्दो आगलागीको जोखिम

नेपालले क्यालिफोर्नियाको जस्तो विनाशकारी डढेलो अनुभव त गरेको छैन तर यहाँ आगलागीको जोखिम भने तीव्र रुपमा बढिरहेको छ । नेपालमा वन डढेलो मुख्यतः मानव लापरबाही र जलवायु परिवर्तनको संयुक्त प्रभावका कारण हुन्छ । यसमा बढ्दो तापक्रम र लामो समयसम्मको सुक्खा मौसम प्रमुख कारकका रुपमा देखा परेका छन् ।

पछिल्ला वर्ष विशेषगरी पूर्वमनसुन समयमा, देशमा डढेलोको घटनामा उल्लेखनीय वृद्धि भएको छ, जसले सुक्खा वनस्पतिलाई अत्यधिक ज्वलनशील बनाउँछ ।

सन् २०२४ मा नेपालमा आगलागीका घटनामा उल्लेखनीय वृद्धि भएको थियो, विशेषगरी वन डढेलोले ठूलो मानवीय र आर्थिक क्षति पुर्‍यायो । विभिन्न सञ्चारमाध्यमका अनुसार जुन २१, २०२४ सम्ममा देशभर ५,१२५ डढेलोका घटना दर्ता गरिएका थिए, जुन २००२ देखि रेकर्ड राख्न सुरू भएयता दोस्रो उच्चतम संख्या हो । अप्रिल १४, २०२३ देखि अप्रिल ३, २०२४ सम्म डढेलोका कारण १०२ जनाले ज्यान गुमाए ।

नेपालको पहाडी भूगोल र जोखिमयुक्त क्षेत्रहरुको कठिन पहुँचले डढेलो नियन्त्रणलाई झनै चुनौतीपूर्ण बनाएको छ । साथै, सीमित स्रोतसाधन, प्रारम्भिक चेतावनी प्रणालीको अभाव र सामुदायिक जागरूकताको कमीले समस्या थप गम्भीर बनेको छ ।

१. सामुदायिक तयारी र जागरूकता वृद्धि

क्यालिफोर्नियाको डढेलोले समुदायमा आधारित प्रकोप पूर्वतयारी र व्यवस्थापनको कमजोर पक्षको उजागर गरेको छ । विशेषगरी गरिब र अश्वेतहरुको बाहुल्य भएका उच्च जोखिमका क्षेत्रहरुमा उद्धार र पुनःस्थापनाको काम सजिलो नभएका खबर हरु आए । नेपालमा पनि बाढी, पहिरो र आगलागीपछि यस्तै समस्या स्पष्ट देखिन्छन् । विपन्न र सीमान्तकृत समुदाय प्रकोपबाट सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । यसले समुदायमा आधारित पूर्वतयारीको

बाँकी पेज ४ मा

बागमतीमा १३७ सहकारीमाथि उजुरी



मकवानपुर। बागमती प्रदेशमा समस्याग्रस्त सहकारीको संख्या बढ्दै गएको छ । पछिल्लो पटक बागमती प्रदेश सरकारले थप तीनवटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ ।

योसँगै बागमती प्रदेशमा समस्याग्रस्त घोषणा हुने सहकारीको संख्या पाँच पुगेको छ ।प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयले पछिल्लो पटक सुमेरु सेमिङ एन्ड क्रेडिट कोअपरेटिभ पुलचोक ललितपुर, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था काठमाडौं र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था काठमाडौंलाई समस्याग्रस्त घोषणा गरेको छ ।

वित्तिय दायित्व पूरा नगरेको, बचतकर्ताको बचत माग गर्दा फिर्ता नगरेको, बचत फिर्ता गर्ने कार्ययोजना बनाएर पनि कार्ययोजनाअनुसार काम नगरेकोलगायत कारणले ती सहकारी संस्थाहरुलाई समस्याग्रस्त सहकारी घोषणा गरिएको रजिष्ट्रार रोहित पोखरेलले बताए ।

समस्याग्रस्त घोषणा गरिएकामध्ये लालीगुराँस बचत तथा ऋण सहकारी संस्था र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्थामा तालाबन्दी गरिएको रजिष्ट्रारको भनाइ छ ।

यसअघि प्रदेश सरकारले काठमाडौंको सिमिल सेमिङ एन्ड क्रेडिट कोअपरेटिभ र काठमाडौंको कीर्तिपुर स्थित दर्शन बचत तथा ऋण सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो ।

दर्शन सहकारीलाई यही कात्तिक १२ गते र सिमिललाई गत २०८० साल भदौ २१ गते समस्याग्रस्त सहकारी घोषणा गरेको थियो । बचत गरेको रकम फिर्ता नगरेको भन्दै बचतकर्ताहरुले प्रदेशभरिका एक साथ ३७ भन्दा बढी सहकारी संस्थाविरुद्ध उजुरी दर्ता भएको र दर्ता भएका उजुरीमाथि छानबिन भइरहेको छ । तीमध्ये ८० वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही गर्न प्रहरी कार्यालयमा पत्राचार गरिएको छ ।

बचतकर्ताको रकम फिर्ता नगर्ने, समस्या समाधानका लागि पत्राचार गर्दा पनि सम्पर्क नआउने सहकारी संस्थाका सञ्चालकमाथि कारबाही अघि बढाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुमा पत्राचार गरिएको छ । कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचार गरिएका अधिकांश सहकारी संस्थाहरु उपत्यकाभित्रका तीन जिल्लाका छन् ।

हेटौंढामा खेलकुद महोत्सव हुने



२१ विधामा प्रतियोगिता हुने

मकवानपुर । मकवानपुरको हेटौंडामा खेलकुद महोत्सव हुने भएको छ । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाले ९ माघदेखि १७ फागुनसम्म हेटौंडामा एक महिने खेलकुद महोत्सव गर्ने भएको हो ।

४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा ४ को व्यवस्थापनमा दोस्रो खेलकुद महोत्सव हुन लागेको हो । आइतबार हेटौंडामा पत्रकार भेटघाट गरी आयोजक ४ नम्बर वडा कार्यालयले खेलकुद महोत्सव सम्बन्धी जानकारी दिएको हो ।विद्यालयहरूबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लआगिएको ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलले बताए ।

विद्यालयलाई 'फोकस' एक महिनासम्म सञ्चालन हुने महोत्सवमा वडास्तरीय, नगरस्तरीय र जिल्लास्तरीय गरी २१ वटा खेलकुदका क्रियाकलाप सञ्चालन हुने उनले जानकारी दिए । २१ विधा मध्ये २ वटामा जिल्लास्तरीय र ४ वटामा नगरस्तरीय क्रियाकलाप हुने उनले बताए ।

महोत्सव अन्तरगत ९ माघमा नवोदय माविमा हाजिरी जवाफ प्रतियोगिता, १३ माघमा आधुनिक माविमा वक्तृत्वकला प्रतियोगिता, १४ माघमा सत्यम जेमियर्स माविमा वादविवाद प्रतियोगिता, १५ माघमा श्रमिक माविमा नेपाली हिज्जे प्रतियोगिता र रुलो रुकुटी प्रतियोगिता, २४ माघमा ब्रम्हदिक माविमा कविता प्रतियोगिता हुने आयोजकले जनाएको छ । त्यस्तै २५ माघमा भुटनदेवि माविमा निबन्ध लेखन प्रतियोगिता हुनेछ ।

यसैगरी २ फागुनमा विभिन्न दौड प्रतियोगिता, ३ फागुनमा आधुनिक माविमा नगरस्तरीय भलिबल प्रतियोगिता, सोही दिन श्रमिक माविमा नगरस्तरीय फुटबल प्रतियोगिता तथा नगरस्तरीय क्रीकेट प्रतियोगिता आयोजना गरिने आयोजकले जनाएको छ । यस्तै ५ फागुनमा सत्यम जेमियर्स स्कुलमा अफ वार प्रतियोगिता, सोही दिन नवोदय स्कुलमा नगर स्तरिय बास्केटबल प्रतियोगिता र १६ र १७ फागुनमा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता आयोजना हुनेछ ।

उनका अनुसार १५ माघमा शहीद दिवसको अवसर मा नेपाल राष्ट्रिय शिक्षक संगठनको व्यवस्थापन र वडा कार्यालयको आयोजनामा शिक्षकहरूको दौड प्रतियोगिता र महिला शिक्षकलाई लक्षित गरी रुलो स्कुटी रेस हुनेछ । विभिन्न प्रतियोगिताका विजेतालाई १७ फागुनमा प्रमाणपत्र, शिल्ड र मेडल प्रदान गरि महोत्सवको समापन गरिने आयोजकले जनाएको छ ।

बागमती प्रदेश सभामा तीन विधेयक दर्ता



मकवानपुर । बागमती प्रदेश सभामा तीनवटा नयाँ विधेयक दर्ता भएका छन् । प्रदेश सभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताका अनुसार प्रदेश सभाको आगामी अधिवेशनमा पेश हुने गरी तीनवटा संशोधन विधेयक दर्ता भएका हुन् ।

उनले प्रदेश सभामा प्रदेश औद्योगिक व्यवसाय ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भएको जानकारी दिए ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक यसअघि नै प्रदेश सभामा दर्ताका लागि पेश भएको थियो । तर, सभामुख भुवनकुमार पाठकले उक्त विधेयक दर्ता गरेका थिएनन् ।

उक्त विधेयकका प्रावधान सच्याउन सभामुख पाठकले फिर्ता गरेका थिए । गत १६ असोजमा मन्त्रिपरिषद्बाट निर्णय गर्दै दर्ताका लागि सचिवालयमा पेश भएको उक्त संशोधन विधेयक चार महिनापछि दर्ता भएको हो ।

विधेयकमा समावेश हुनुपर्ने राजनीतिक नियुक्तिका विषयहरू स्पष्ट नभएको भन्दै सभामुख पाठकले पुन: विचार गर्न भन्दै दर्ता गरेका थिएनन् ।

प्रतिष्ठानको पदाधिकारी नियुक्तिमा समस्या देखिएपछि प्रदेश सरकारले तत्कालको समस्या हल गर्न ऐन संशोधनको प्रस्ताव दर्ता गर्ने मन्त्रिपरिषद्बाट निर्णय गरेको थियो । ऐनमा पदाधिकारीको योग्यता, कार्याअवधि लगायतका विषय तोकिए बमोजिम हुने भनिएको र त्यसलाई सुधार गरेर ती विषय ऐनमा नै कायम गर्न सुझाव गरेको सभामुख पाठकले सुझाव दिएका थिए ।

उक्त विषयमा सरकार सकारात्मक रहेकाले सो विषयहरु समावेश भएर आए लगत्तै विधेयक दर्ता गर्ने उनको तयारी भए पनि सरकारले विधेयकका प्रवाधानहरु नसच्याइ दर्ता गरेको हो ।

प्रदेशसभामा यसअघि प्रदेश खेलकुद परिषद् ऐन संशोधन विधेयक दर्ता गरेको थियो । उक्त विधेयक संसदको आगामी बैठकबाट पारित गर्नेगरी अघि बढाउने तयारी छ ।

हेटौंडाको स्वास्थ्य क्षेत्रमा फड्को



मकवानपुर। बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले हेटौंडाले स्वास्थ्य सेवामा ठूलो फड्को मारेको बताएका छन् । लायन्स ऋतम्भरा वैकल्पिक स्वास्थ्य प्रतिष्ठानको पुनर्नवा अस्पताल भवन शिलान्यास कार्यक्रममा बोल्दै उनले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत ल्याएपछि सेवा सुधार भएको र थप प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताए ।

विगतमा हेटौंडा अस्पताल रिफर सेन्टरको रुपमा चिनिएको भए पनि प्रतिष्ठान अन्तर्गत गएपछि विशेषज्ञ सेवा थपिँदै सेवा प्रभावकारी बनेको मन्त्री थापाले बताए । हेटौंडामात्र नभई बागमती प्रदेशका सबै अस्पतालमा सेवाग्राहीको भिड देखिन थालेको भन्दै अझ प्रभावकारी बनाउन सरकारले थप योजना बनाउने बताए । यस्तै आयुर्वेद अस्पतालहरुको विस्तार पनि सरकारको प्राथमिकतामा रहेको उनले जानकारी दिए ।

मन्त्री थापाले तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा प्रत्येक जिल्लामा आँखाको उपचार सेवा पुर्‍याइने जानकारी दिए । मन्त्री थापाले व्यक्तिगत रुपमा पुनर्नभा अस्पताल निर्माणको लागि १ लाख सहयोग गर्ने घोषणा गरे ।

स्वास्थ्य मन्त्रालयले जनताको स्वास्थ्य सेवामा सुधार गर्दै गुणस्तरीय सेवा पुर्‍याउन निरन्तर काम गरिरहेको मन्त्री थापाले बताए । लायन्स क्लबको सहयोगले हेटौंडाको स्वास्थ्य सेवामा थप सुधार हुने अपेक्षा गरिएको छ। लायन्स क्लब हेटौंडाका अध्यक्ष तुलसी रिजालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

क्यालिफोर्नियाको डढेलोबाट के ....

विशेषगरी नेपालजस्ता जलवायु परिवर्तनबाट गम्भीर असर भोगिरहेका, वैज्ञानिक भूउपयोग नीतिको अभाव भएका र प्रकोपको पूर्वतयारीमा कमजोर रहेका देशहरूका लागि यो एक प्रकारको 'चेतावनी' हो ।

आवश्यकता देखाउँछ ।

नेपालले समुदायस्तरमा डढेलो रोकथाम र सुरक्षा उपायका बारेमा सचेतना फैलाउने र समुदायमा आधारित अग्नि व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याउन सकेमा प्रकोप न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्न सक्छ ।

२. अग्नि नियन्त्रक क्षमताको सुदृढीकरण

क्यालिफोर्नियाका अग्नि नियन्त्रकहरु आधुनिक उपकरण र उन्नत तालिमले सुसज्जित छन् भने नेपालका कतिपय स्थानीय तह पर्याप्त वारूणयन्त्रको अभावबाट गुज्रिरहेका छन् । नेपालले पनि अग्नि नियन्त्रकलाई तालिम दिन र उनीहरुलाई आवश्यक उपकरण उपलब्ध गराउन ध्यान दिनुपर्छ । ग्रामीण क्षेत्रमा स्वयंसेवक अग्नि नियन्त्रकहरुको सञ्जाल विकास गरेर आगो नियन्त्रणमा थप प्रभावकारिता ल्याउन सकिन्छ । यसका लागि जनस्तरमा जनचेतना फैलाउन, तालिम प्रदान गर्न, प्रभावकारी पूर्वसूचना प्रणाली स्थापना गर्न र प्रकोपपछि तत्काल व्यवस्थापन तथा पुन:स्थापनामा पहुँच सुनिश्चित गर्न अत्यावश्यक छ ।

३. भूमि उपयोग योजना र नीतिको कार्यान्वयन

क्यालिफोर्नियामा सहरी अतिक्रमणले डढेलोको जोखिम बढाएको देखिन्छ, जसले गर्दा जंगल मात्र नभई आसपासका सहर, बस्ती र मानव निर्मित संरचना पनि ध्वस्त भए । यो नेपालजस्ता देशका लागि महत्त्वपूर्ण पाठ हो । नेपालका अधिकांश विकास निर्माण र संरचना बाढी, पहिरो र डढेलोजस्ता प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका क्षेत्रमा केन्द्रित छन् । यसको परिणामस्वरुप हरेक वर्ष प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति व्यहोर्नुपरेको छ ।

यस चुनौतीलाई सम्बोधन गर्न सरकारले भूमि उपयोग योजना बनाएर उच्च जोखिम भएका क्षेत्रमा सहरीकरण गर्न नदिने नीतिहरु लागू गर्नु आवश्यक देखिन्छ । साथै, सहरी विकास योजनामा प्रकोप जोखिमलाई ध्यानमा राखेर उद्धारलाई सहज बनाउने मापदण्डअनुसार पूर्वाधार विकास गर्नु पनि अत्यावश्यक छ ।

४. जलवायु अनुकूलन रणनीतिहरुको एकीकरण

क्यालिफोर्नियाको डढेलो जलवायु परिवर्तनको तीव्र प्रभावको ज्वलन्त उदाहरण हो । नेपाल पहिले नै बदलिँदो मौसमी प्रक्रिया, बढ्दो तापक्रम र बारम्बार आइरहने प्राकृतिक प्रकोपले बहुपक्षीय प्रकोपको चपेटामा छ । अनियमित मौसम, पग्लँदै गरेका हिमनदीहरु र लामो खडेरी, मनसुनको वर्षा हेर्दा नेपालमा बाढी र आगलागीको जोखिम थप बढेको प्रस्ट हुन्छ ।

जलवायु परिवर्तनका असरलाई न्यूनीकरण र सामना गर्न, दिगो कृषि, वन व्यवस्थापन, पानीको स्रोतको संरक्षण र भौगोलिक तथा भौगर्भिक अवस्थाअनुरुपको दिगो विकास र पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्छ । भविष्यमा पछुताउनुपर्ने स्थिति नआओस् भन्नका लागि अनुकूलन रणनीतिहरुको कार्यान्वयन सुरू गर्न अत्यावश्यक छ ।

५. प्रारम्भिक चेतावनी प्रणाली र प्रविधिको प्रयोग

क्यालिफोर्नियाले उपग्रह इमेजरी र ड्रोनजस्ता अत्याधुनिक प्रविधिको सहायताले डढेलो पत्ता लगाउने र निगरानी गर्ने काम गर्छ । नेपालले पनि अन्तर्राष्ट्रिय साझेदारीका माध्यमबाट आफ्नै प्रारम्भिक चेतावनी प्रणाली विकास गर्न र यस्तो प्रविधि अपनाउन सक्दछ ।

क्यालिफोर्नियाको डढेलो जलवायु परिवर्तन र कमजोर भूमि व्यवस्थापनका कारण उत्पन्न एक प्रलयकारी प्रकोप हो । यसले ठूलो धनजनको क्षति पुऱ्यायो, जसले प्रत्यक्ष रुपमा प्रभावित भएका समुदाय र एक समृद्ध देशका लागि निकै महँगो साबित भयो ।

क्यालिफोर्नियाको डढेलोको परिमाण नेपालभन्दा ठूलो भए पनि नेपालमा डढेलोको जोखिमलाई कम आँक्न सकिन्न । नेपालको समृद्ध जैविक विविधता र वन क्षेत्र अमूल्य सम्पत्ति हुन्, जसलाई संरक्षण गर्न अत्यावश्यक छ । क्यालिफोर्नियाको अनुभवबाट सिकेर नेपालले डढेलो रोकथाम र व्यवस्थापनका लागि सक्रिय र दिगो दृष्टिकोण विकास गर्न सक्छ ।

विशेषगरी नेपालजस्ता जलवायु परिवर्तनबाट गम्भीर असर भोगिरहेका, वैज्ञानिक भूउपयोग नीतिको अभाव भएका र प्रकोपको पूर्वतयारीमा कमजोर रहेका देशहरुका लागि यो एक प्रकारको 'चेतावनी' हो ।

क्यालिफोर्नियाको अनुभवबाट सिक्दै नेपालले स्रोत व्यवस्थापन, सहरीकरण र विकास निर्माणमा वातावरणमैत्री नीति, कार्यक्रम र अभ्यास लागू गर्न सक्छ । यसले प्रकोपको जोखिम न्यूनीकरण गर्दै दिगो र सुरक्षित भविष्य निर्माणमा मार्गप्रशस्त गर्न सक्छ ।

• ईकान्तिपुरबाट साभार

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेर मै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

१९ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीँ कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

@saheekhabar.com

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

बागमती प्रदेशको विपद् व्यवस्थापनमा १३ करोड खर्च

१० अर्ब २३ करोड भौतिक क्षति

प्रकोपबाट बागमती प्रदेशमा २१६ जनाको ज्यान गयो । जसमा काभ्रेपलाञ्चोक जिल्लाका ७९ जनाको मृत्यु भएको थियो । यसैगरी धादिङमा ३९ जना, ललितपुरमा ४६, काठमाडौँमा २०, मकवानपुरमा ७, सिन्धुपाल्चोकमा १०, दोलखामा ७, भक्तपुरमा ५, सिन्धुलीमा २ र रामेछापमा १ जनाको मृत्यु भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।





○ सरिता दाहाल

मकवानपुर । “विपतपछिको ४ महिना समय बित्यो, अझै दैनिकी सहज छैन” मकवानपुर जिल्ला इन्द्र सरोवर गाउँपालिका २ का दिपक दोङको भनाइ हो यो । प्रकोपपछि घर गुमाएका उनी जस्तै मकवानपुरका १६३ जना अझै बेघर छन् । आवास गुमाएको पीडा आवासको जोहोसँगै खाटो बस्दै जाला तर, परिवारको सदस्य नै गुमाएको पीडा कहिले पुरिन्छर ?

यस्तै पीडामा छन् मकवानपुरका ७ सहति बागमती प्रदेशका २१६ जनाका परिवार । मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका वडा ३ स्थित बत्तिसलादेवी माविमा अखिल नेपाल फुटबलसंघको प्रशिक्षण गरिरहेका १४ वर्षिय अनुपम घलान, साइमन योञ्जनलगायत ६ जना पहिरोको डरले भाग्ने क्रममा पहिरोमै परेर ज्यान गुमाए । परिवारलाई प्रदेश सरकारले २/२ लाख प्रदान गऱ्यो । परिवारको सदस्य गुमाएको पीडामा पैसाले मल्हम लगाउने कुरै भएन ।

पीडाको परिवार यि ६ वटा मात्रै हैनन् । उही समयमा प्रकोपबाट बागमती प्रदेशमा २१६ जनाको ज्यान गयो । जसमा काभ्रेपलाञ्चोक जिल्लाका ७९ जनाको मृत्यु भएको थियो । यसैगरी धादिङमा ३९ जना, ललितपुरमा ४६, काठमाडौँमा २०, मकवानपुरमा ७, सिन्धुपाल्चोकमा १०, दोलखामा ७, भक्तपुरमा ५, सिन्धुलीमा २ र रामेछापमा १ जनाको मृत्यु भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

बाढी-पहिरोमा प्रदेशभरबाट १४ जना बेपत्ता र १६८ जना घाइते भएका थिए । प्रदेशभरबाट विपदमा परेका १५ हजार ७७९ जनाको उद्धार गरिएको प्रदेश सरकारले जनाएको छ ।

प्रकोपको ४ महिनापछि बागमती प्रदेश सरकारले विपत व्यवस्थापनको लागि १३ करोड १२ लाख खर्च गरेको प्रतिवेदन सार्वजनिक गरेको छ । गत असोज १० देखि १३ गतेसम्मको अविरल वर्षासँगै आएको बाढी पहिरोलगायतको विपत व्यवस्थापनको लागि प्रदेश सरकारले उक्त बजेट खर्च गरेको हो । प्रदेश सरकार ले प्रदेशको १३ जिल्ला स्थित जिल्ला विपद् कोष र स्थानीय तहको विपद् कोषमार्फत् उक्त खर्च गरेको हो । प्रदेश सरकारले मनसुनजन्य विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहत र पुन:स्थापनाका लागि सो रकम खर्च गरेको हो ।

४२ वटा पुल क्षति : उक्त समयको प्रकोपबाट भएको क्षेतिबारे पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त प्रतिवेदन अनुसार विपद्बाट प्रदेशभर ४२ वटा पुल पूर्ण रुपमा नष्ट भएका थिए भने ४८ वटा पुल आंशिक रूपमा क्षति भएका थिए ।

यसैगरी २ हजार ५३५ घर, ९३० गोठ, ६६ वटा विद्यालय भवन, ३७० टहरा पूर्ण रूपमा क्षति भएका छन् । यसैगरी ५ हजार ७९७ घर, १८९ विद्यालयमा आंशिक क्षति भएको छ । विपद्बाट ४ हजार ६६५ पशु चौपायाको क्षति भएको छ । विपद्का कारण प्रदेशका ११ वटा हाइड्रोपावर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ७ वटामा आंशिक क्षति भएको छ । प्रतिवेदन अनुसार विपदमा परेर ३५६ वटा सवारी साधनमा क्षति पुगेको छ ।

विपद्का कारण ३ प्रहरी चौकीमा पूर्ण रूपमा क्षति पुगेको छ भने १७ वटा प्रहरी कार्यालयमा आंशिक क्षति भएको प्रतिवेदनमा उल्लेख छ । ३ सरकारी कार्यालयमा पूर्ण क्षति भएको र २१ वटामा आंशिक क्षति भएको जनाइएको छ ।

कुन जिल्लाका कति क्षति : वर्षाका कारण भएको विपद्का घटनामा बागमती प्रदेशमा १० अर्ब २३ करोड ५६ लाख ५४ हजार रुपैयाँको भौतिक क्षति भएको छ । विपद्बाट भक्तपुरमा १ करोड १ लाख २० हजार रुपैयाँको भौतिक क्षति भएको छ भने ललितपुरमा १ अर्ब ४३ करोड ६९ लाख १२ हजार रुपैयाँ, काठमाडौँ ४ अर्ब १४ करोड ६६ लाख ५ हजार रुपैयाँको भौतिक क्षति भएको छ ।

यस्तै, सिन्धुलीमा १ अर्ब ५९ करोड ३८ लाख ८८ हजार रुपैयाँ, रामेछापमा २ करोड १ लाख ३८ हजार रुपैयाँ, दोलखामा ११ करोड ५० लाख रुपैयाँ, सिन्धुपाल्चोकमा १ अर्ब ९४ करोड रुपैयाँ र काभ्रेमा ७३ करोड २४ लाख ३२ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको छ । रसुवामा ३९ लाख ८५ हजार रुपैयाँ, नुवाकोटमा ९९ लाख ५५ हजार रुपैयाँ, चितवनमा २ करोड ५६ लाख ३५ हजार रुपैयाँ, मकवानपुरमा २० करोड २९ लाख ६३ हजार रुपैयाँको भौतिक क्षति भएको छ । धादिङमा भएको क्षतिको विवरण भने प्राप्त हुन सकेको छैन ।

मनसुन पूर्वतयारीमा ३ करोडलगानी : बागमती प्रदेशमा मनसुन पूर्वतयारीका लागि २६ स्थानीय तहलाई ३ करोड ४५ लाख रकम प्रदेश सरकारको विपद् राहत कोष मार्फत उपलब्ध गराइएको छ । क्षतिको अवस्था अनुसार स्थानीय तहलाई १० देखि १५ लाख रुपैयाँसम्म पूर्वतयारीका लागि उपलब्ध गराइएको छ । उक्त रकम मनसुन पूर्वतयारीका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय अन्तर्गतको विपद् कोषबाट सोझै स्थानीय तहमा पठाइएको हो ।

मन्त्रालयले धादिङको बेनीघाट रोराङ, नेत्रावती डब्जोङ, रुबीभ्याली, गंगाजमुना गाउँपालिकालाई १५/१५ लाख रुपैयाँ रहात रकम उपलब्ध गराएको छ । सिन्धुपाल्चोकको जुगल, भोटेकोशी गाउँपालिका, बाह्रबिसे र मेलम्ची नगरपालिकालाई १५/१५ लाख रुपैयाँ उपलब्ध गराएको मन्त्रालयले जनाएको छ ।

रसुवाको उत्तरगया, आमाछोदिङ्मो र नौकुण्ड गाउँपालिकालाई १५/१५ लाख रुपैयाँ, काठमाडौँको चन्द्रागिरी नगरपालिका, मकवानपुरको बागमती गाउँपालिकालाई १०/१० लाख रुपैयाँ, दोलखाको विगु, गौरीशंकर गाउँपालिका, कालिन्चोक गाउँपालिकालाई १५/१५ लाख रुपैयाँ, सिन्धुलीको दुधौली नगरपालिका, मरिण गाउँपालिकालाई १०/१० लाख रुपैयाँ उपलब्ध गराएको मन्त्रालयले जनाएको छ ।

चितवनको इच्छाकामना गाउँपालिका, नुवाकोटको दुप्चेश्वर, लिखु, किस्पाङ गाउँपालिकालाई १५/१५ लाख रुपैयाँ, रामेछापको उमाकुण्ड, ललितपुरको कोन्ज्योसोम, काभ्रेको भुम्लु गाउँपालिका, भक्तपुरको चाँगुनारायण नगरपालिकालाई १०/१० लाख रुपैयाँ राहत तथा उद्धार रकम उपलब्ध गराएको मन्त्रालयले जनाएको छ ।

यसैगरी बागमती प्रदेश सरकारले खोज तथा उद्धार कार्यका लागि जिल्ला विपद् व्यवस्थापन कोषमार्फत् १३ जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूलाई पहिलो चरणमा १ करोड ८० लाख रकम प्रदान गरेको छ । दोस्रो चरणमा प्रदेश सरकारले खोज तथा उद्धार कार्यका लागि जिल्ला विपद् कोष मार्फत् थप ६५ लाख रुपैयाँ उपलब्ध गराएको छ । विपद् प्रतिकार्य तथा खोज र उद्धारका लागि प्रदेश सरकारले १३ जिल्लालाई विपद् व्यवस्थापन कोषमा ५ लाखका दरले थप ६५ लाख रकम प्रदान गरेको हो ।

विपद्बाट भएको क्षतिको तथ्याङ्क संलन, खोज, उद्धार तथा राहत वितरण लगायतका विषयमा सम्बोधन गर्न प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन परिषद्को निर्णय अनुसार उक्त रकम जिल्ला विपद् कोषमा उपलब्ध गराएको हो ।

यस अन्तरगत काभ्रेपलाञ्चाक जिल्लालाई ६० लाख रुपैयाँ उपलब्ध गराइएको छ भने ललितपुरलाई ३० लाख रुपैयाँ, काठमाडौँ र सिन्धुपाल्चोकलाई २०/२० लाख रुपैयाँ राहत रकम प्रदान गरेको छ । दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुरलाई १०/१० लाख रुपैयाँ राहत रकम उपलब्ध गराइएको छ ।

दोस्रो चरणमा प्रदेश सरकारले खोज तथा उद्धार कार्यका लागि जिल्ला विपद् कोष मार्फत् थप ६५ लाख रुपैयाँ उपलब्ध गराएको छ । विपद् प्रतिकार्य तथा खोज र उद्धारका लागि प्रदेश सरकारले १३ जिल्लालाई विपद् व्यवस्थापन कोषमा ५ लाखका दरले थप ६५ लाख रकम प्रदान गरेको हो । यो रकम उद्धार कार्य, सामग्री खरिद, सार्वजनिक सेवा पुन: सञ्चालन र अन्य प्रतिकार्यका लागि उपलब्ध गराइएको थियो ।

४५ स्थानीय तहलाई ५ करोड : विपतको समयमा भएको क्षतिको आधारमा प्रदेश सरकारले ४५ वटा स्थानीय तहहरुलाई ५ करोड सहयोग प्रदान गरेको छ । संटग्रस्त स्थानीय तहहरु काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोकलगायतलाई कुल ५ करोड ८० लाख रकम प्रदान गरेको हो ।

संटग्रस्त घोषणा भएका ‘क’ वर्गका रोशी गाउँपालिका, तेमाल गाउँपालिका, पनौती नगरपालिका, बेथानचोक गाउँपालिका, सुनकोशी गाउँपालिका, महाँकाल गाउँपालिका, इन्द्रसरोबर गाउँपालिकालाई २० लाख रुपैयाँ, ‘ख’ वर्गको गोदावरी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका, जुगल गाउँपालिका, लिसंखुपाखर गाउँपालिका, सूर्यविनायक नगरपालिका, बागमती गाउँपालिका, चन्द्रागिरी नगर पालिका, नागार्जुन नगरपालिका, खाँडादेवी गाउँपालिका, विगु गाउँपालिका, गजुरी गाउँपालिकालाई १५ लाख रुपैयाँ र ‘ग’ वर्गका २६ स्थानीय तहलाई २ करोड ६० लाख रुपैयाँ उपलब्ध गराइएको छ ।

त्यस्तै प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट विपद् संटग्रस्त क्षेत्र घोषणा भएका ९ र अन्य ४ स्थानीय तहको विपद् व्यवस्थापन कोषमा १ करोड ३२ लाख रुपैयाँ प्रदान गरिएको छ ।

हेटौंडा १ भोली बालमैत्री वडा घोषणा हुने

○सहीखबर संवाददाता



मकवानपुर । मकवानपुरको हेटौडा उपमहानगरपालिका वडा नम्बर १ बालमैत्री वडा घोषणा हुने भएको छ । "बालबालिकामा लगानी" सुनिश्चित भविष्यको थालनी" भन्ने मुल नाराका साथ ११ माघ २०८१ मा हेटौडा १ नम्बर वडालाई भोली शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको हो ।

वडालाई उक्त दिन निकृष्ट बालश्रममुक्त, बाल विवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने मंगलबार पत्रकार भेटघाट गरी जनाकारी दिइएको हो । पत्रकार भेटघाटमा वडाध्यक्ष सविन न्यौपानेले बालमैत्री वडा घोषणाको लागि तोकिएका ५१ वटा सूचकको मापन अंक पुरा भएकोले घोषणा गर्न लागिएको जानकारी दिए ।

'बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरूमा अभ्यास गरी ५१ वटा सूचकहरूमध्ये ४७ वटा सूचकमा १०० प्रतिशत, १ वटा सूचकमा ९६ प्रतिशत, १ वटा सूचकमा ९०, १ वटामा ८५ प्रतिशत र १ वटामा ८२ प्रतिशतसम्म नतिजा हासिल गर्दै वडालाई बालमैत्री घोषणा गर्न लागिएको हो' वडाध्यक्ष न्यौपानेले भने ।

पूर्ण खोप, पूर्व साक्षर, खुल्ला दिसामुक्त वडा घोषणा भई सकेको वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको सूचक पुरा भएकोले बालमैत्री घोषणा गर्न लागिएको हो ।

'आजका बालबालिका भविष्यका नेतृत्वकर्ता हुन्। हामीले बालबलिकालाई आवश्यक शिक्षा, स्वास्थ्य, हेरचाह, वृद्धि विकास र सहभागिताको अवसर दिन सकेमा मात्र भविष्यमा राज्यले एउटा असल, सभ्य र सक्षम नागरिक पाउन सक्छ' उनले भने 'बालबालिकाको वृद्धि तथा व्यक्तित्व विकासको लागि दिईने वातावरण, अवसर र व्यवहार नै बालमैत्री अभियानको मुलसार हो भने बालबालिकाहरूको मौलिक तथा आधारभूत अधिकारलाई सुनिश्चित गर्न ल्याईएको शासकीय अवधारणा नै बालमैत्री स्थानीय शासन हो।'

बागमती प्रदेशको राजधानी समेत रहेको यस हेटौंडा उपमहानगरपालिकाको १९ वडा मध्ये १ नम्बर वडा सावि हेटौडा उपमहानगरपालिका वडा नं. १ र सावित्रि बसामाडी गाविसको वडा नं. ८ र ९ मिलेर बनेको छ। १४.८६ वर्ग कि.मी. क्षेत्रफल रहेको यस वडाको पूर्वी सिमानामा त्रिभुवन राजपथ, पश्चिममा वडा नम्बर १९, उत्तरतर्फ भीमफेदी गाउँपालिका र दक्षिणमा महेन्द्र राजमार्ग अवस्थित छ ।

घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण २०७९ अनुसार यस वडामा कुल जनसंख्या ६७९० रहेको छ जसमा महिला ३३५७ र पुरूषको संख्या ३४३३ रहेको । १८ वर्ष मुनिका बालबालिकाको कुल जनसंख्या २०१४ रहेको छ जसमा १०४५ बालक र ९६९ बालिका रहेका छन्। यस वडामा ५ सामुदायिक र १ संस्थागत गरि बाल विकास केन्द्र सहितका जम्मा ६ वटा विद्यालयहरू सञ्चालनमा छन्। यसैगरी १८ वटा बालसमूहहरू र १ वटा बाल सञ्जाल रहेको छ । जसमा ३६३ जना बालबालिकाहरू आवद्ध छन् भने विभिन्न संरचनागत समितिहरूमा समेत गरी जम्मा ४०४ जना बालबालिकाहरूको प्रत्यक्ष सहभागिता रहेको बताइएको छ ।

वडामा बालमैत्री स्थानीय शासन वडा समिति, वडा बालअधिकार समिति, बालसमूहरू, बालसमूह सञ्जाल, ढोल विकास संस्थाहरू, युवा क्लब, आमा समूह साथै विभिन्न सामुदायिक संस्थाहरू क्रियाशील छन् । बालमैत्री स्थानीय शासन अभियान स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ को कार्यान्वयन सँगै विभिन्न स्थानीय तहहरूले शुरूवात गरी कार्यान्वयनको प्रक्रिया अगाडी बढाईएकोमा हाल बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय घोषणा कार्यविधि, २०७९ कार्यान्वयनमा रहेको छ।

नेपाल सरकाले २०८७ सम्ममा सबै स्थानीय तहहरूलाई बालमैत्री स्थानीय तहको रूपमा घोषणा गर्ने नीतिलाई पछ्याउदै हेटौडा उपमहानगरपालिकाले पनि बालमैत्री स्थानीय शासनयुक्त उपमहानगर पालिकाको रूपमा घोषणा गर्न ५ भदौ २०७९ मा सरोकारवालाहरूको उपस्थितिमा प्रतिबद्दता गरी २४ भदौमा नगर कार्यपालिकाबाट निर्णय गरेको थियो । तत्पश्चात १ नम्बर वडाले ११ मंसिर २०७९ सरोकार हरूको उपस्थितिमा प्रतिवद्दतामा हस्ताक्षर गरी अभियानलाई आत्मासात गर्दै कार्यान्वयनको लागि प्रत्येक विद्यालय, ढोल, समुदायहरूमा विभिन्न सचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको वडाध्यक्ष न्यौपानेले जानकारी दिए । ।

नेपाल सरकारले निर्धारण गरेका बाल अधिकारका महत्वपूर्ण पक्षहरू बाल बचाउ, बाल संरक्षण, बालविकास,र बाल सहभागिता संस्थागत विकास समेत गरि ५ वटा क्षेत्रका सूचक प्राप्तीको सन्दर्भमा सरोकारवाला निकायहरूसँग बसी अन्तरक्रिया, अनुगमन तथा समीक्षा गरिएकोमा हाल बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा दिगोपना कायम गर्नको लागि अन्तिम सूचक मापनको प्रतिवेदन, स्थिति पत्र, वडाको पञ्चवर्षिय रणनीतिक योजना समेत तयार भईसकेको समेत उनले बताए ।

'जिल्लास्तरीय अनुगमन समितिबाट वडाको स्थिती अनुगमन समेत भएको तथा अभियानलाई सफल पार्न यस वडाका सम्पूर्ण वडावासीहरूलगायत विद्यालय, ढोल विकास संस्था, नागरिक समाज, सबै सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले आफ्नो स्थानबाट सक्दो साथ सहयोग दिनु भएको कारणले नै हामी घोषणाको अन्तिम चरणमा पुग्न सफल भएको हौ' उनले भने । वडाको विकट क्षेत्रमा रहेको नकौली आधारभुत स्वास्थ्य केन्द्र, बाँझगोडाँडामा नकौलीमा वडा घोषणा गरिने वडा सचिव शान्ता लौडारीले बताइन् ।

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

अध्यक्ष दीपक खड्का

१४ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

सहिदहरूप्रति सम्मान गरौं

- सहिदहरू राष्ट्रिय गौरव,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड